# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## <u>प्रेस विज्ञप्ति</u>

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय अध्यक्ष श्री वालानन्द पौडेलले आज मिति २०७५ चैत्र ७ गते बिहीवारका दिन आयोगको कार्यालय सिंहदरवारमा पद बहाली गर्नु भयो। यस अघि आजै विहान राष्ट्रपति कार्यालयमा सम्माननीय राष्ट्रपति श्रीमती विद्या देवी भण्डारीको समुपस्थितीमा सम्माननीय प्रधान न्यायधीश चोलेन्द्र समशेर ज.व.रा. बाट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अध्यक्ष पदको शपथग्रहण लिनुभयो ।पद वहालीका अवसरमा माननीय अध्यक्षले नेपालको संविधानको धारा २५१, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले निर्दिष्ट गरेका जिम्मेवारीलाई पुरा गर्न आफू दत्तचित्त रहेको कुरा वताउनुभयो । सो अवसरमा माननीय अध्यक्षले आयोगले नेपालको संविधान बमोजिमको वित्तीय संघीयतालाई प्रभावकारी बनाई निश्पक्ष र समन्यायिक तवरले वित्तीय तथा प्राकृतिक स्रोतहरुको परिचालनको व्यवस्था मिलाउन वैज्ञानिक र वस्तुनिष्ठ आधार र ढाँचा तर्जुमा गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।पद वहाली गर्नुपूर्व माननीय अध्यक्षज्यूलाई आयोगको कार्यालय सिंहदरवारमा आयोगका सचिव श्री बैकुण्ठ अर्यालले आयोगका सम्पूर्ण कर्मचारीहरुका तर्फबाट स्वागत गर्नुभएको थियो ।

पद वहालीसँगै आयोगका सचिव लगायत कर्मचारीहरुलाई संक्षिप्त सम्वोधन र परिचय आदानप्रदानको कार्यक्रममा माननीय अध्यक्षले संविधान र कानुले निर्दिष्ठ गरेका अधिकार तथा जिम्मेबारी अनुसार आयोगलाई एक व्यवसायिक, निष्पक्ष तथा सदाचारयुक्त संस्थाका रुपमा विकास गर्न प्रतिवद्धता व्यक्त गर्दै आयोगका कार्यमा सम्बन्धित निकायको सहयोगको अपेक्षा गर्नुभयो। संघीय संरचना अन्तर्गत वित्तीय व्यवस्थापनको पाटो संवेदनशील भएको सन्दर्भमा यस आयोगमा रही नयाँ काम गर्ने र प्रणाली स्थापित गर्ने अवसर धेरै रहेको विषय उल्लेख गर्दै आयोगमा कार्यरत सम्पूर्ण कर्मचारीसँग समूहमा रही प्राप्त जिम्मेवारी विना कुनै मोलाहिजा पुरा गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो।

चैत्र ७, २०७५

**उप-सचिव**